आज मिति २०८२ साल मंशिर २२ गते सोमबारको दिन दिउसो १२:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को आठौं कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती:**

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेविका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| १५ | टिकाराम कुलुङ (राई) | जी.व. व्यवस्थापक (द्रष्टव्य) | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुबाट घरदैलो उपचार तथा भेटघाट कार्यक्रम र ज्येष्ठ नागरिक कार्यक्रमको कार्यतालिका प्रकाशन सम्बन्धमा ।

प्रस्ताव नं. ३: सिसुवाखोला स्वास्थ्य चौकीको नवनिर्मित भवन समुद्घाटन कार्यक्रमको मिति तय तथा खर्च व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ४: शोक प्रस्ताव सम्बन्धमा ।

२०८२/०८/२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ५: योजना माग सम्बन्धमा ।

प्रस्ताव नं. ६: संयुक्त फर्म दर्ता सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को सातौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २: ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुबाट घरदैलो उपचार तथा भेटघाट कार्यक्रम र ज्येष्ठ नागरिक कार्यक्रमको कार्यतालिका प्रकाशन सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नं. २ उपर छलफल गर्दा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुबाट घरदैलो उपचार तथा भेटघाट कार्यक्रम र ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आजकै मितिबाट गाउँपालिका अध्यक्ष,उपाअध्यक्ष तथा जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा उद्घाटन गर्ने तथा वडा कार्यालयहरुमा सम्बन्धित वडाका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरुको रोहवरमा मिति २०८२/०८/२३ गतेदेखि संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: सिसुवाखोला स्वास्थ्य चौकीको नवनिर्मित भवन समुद्घाटन कार्यक्रमको मिति तय तथा खर्च व्यवस्थापन सम्बन्धमा ।**

निर्णय: सिलीचोङ गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा निर्माण भएका सिसुवाखोला स्वास्थ्य चौकीको यहि मिति २०८२/०८/२९ मा संखुवासभा प्रदेश निर्वाचन क्षेत्र नं.१ का प्रदेश सभा सदस्य एवंम पूर्व स्वास्थ्य मन्त्री माननीय श्री राजेन्द्र कार्की ज्यूको प्रमुख आतिथ्यतामा मा उद्घाटन गर्ने र उक्त उद्घाटन कार्यक्रममा लागेको सम्पूर्ण खर्च आयोजना व्यवस्थापन खर्च शिर्षकबाटबाट व्यहोर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ४: शोक प्रस्ताव सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ४ उपर छलफल गर्दा यहि मिति २०८२/०८/०५ गते सिलीचोङ गाउँपालिका गाउँसभा सदस्य श्री छत्र कुमार राई को असमायिक निधन प्रति दिवंगतआत्मको चिरशान्तिको कामना सहित शोक प्रस्ताव पारित गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ५: योजना माग सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ५ उपर छलफल गर्दा हेलुवावेसी-बुम्लिङटार-सिलीचोङ संखुवादोभान-सल्लेरी- ताम्कु गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे सडक निर्माण योजनाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा, कोशी प्रदेश विराटनगरमा माग पठाउने सर्वसहमतिले पारित गरियो ।

प्रस्ताव नं. ६: आर्थिक सहायता सम्बन्धमा ।

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ताम्कु, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

२०८२/०८/२३

प्रविण राई

निर्णयः प्रस्ताव नं. ६ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नम्बर ५ स्थायी ठेगाना भएका गाउँसभा सदस्यःश्री छत्र कुमार राई घातक रोगबाट ग्रसित भई किष्ट अस्पताल काठमाडौंमा उपचारत रहेको विषयलाई मध्यनजर गरी निजको उपचार सहयोगका लागि निजलाई रु.५०,०००/- (अक्षेरुपी पचास हजार रुपैया मात्र) विपद् राहत शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित भएकोमा निजको यहिँ मिति २०८२/०८/०५ गते असमायिक निधन भएकोले स्वः गाउँ सभा सदस्य छत्र कुमार राईको परिवारलाई आर्थिक सहायता स्वरुप रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैया मात्र) विपद् राहत शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. ७ः संयुक्त फर्म दर्तासम्बन्धमा ।**

निर्णयः सिलीचोङ गाउँपालिका वडा नम्बर १स्थायी ठेगाना भएका श्री राजकुमार राई,क्षितिज राई ,एकराज राई, सुखमाया राईले तौखम कृषि तथा पशुपालन बहुउदेश्यीय संयुक्त फर्म दर्ता सम्बन्धमा मिति २०८२/०८/२२ गते निवेदन दिएको सम्बन्धमा उक्त फर्मलाई दर्ता गरिदने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०८२/०८/२३

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संखुवासभा
कोशी प्रदेश

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत